२०७९ सालको कार्यविधि नं. १३

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

| खण्डः ६ | संख्याः १३ | मितिः२०७९।१०।१२ |
|---|---|---|

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका सरसफाइ व्यवस्थापन कार्यविधि, २०७९

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हकको व्यवस्था गरेको छ । बढ्दो शहरीकरण, अव्यवस्थित बस्ती विकास तथा सार्वजनिक स्थलको अतिक्रमणबाट सडक, गल्ली तथा धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं वातावरणीय सम्पदाको रुपमा रहेका सार्वजनिक स्थलहरु जस्तै नदी, खोला, खहरे, नहर, नाला, पोखरी, ताल तलैया, पार्क, उद्यान एवं धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहर, खुला स्थान तथा अन्य सार्वजनिक स्थलको सरसफाइ थप प्रभावकारी बनाई स्वच्छ, स्वस्थ, सफा, सुन्दर, सभ्य र समृद्ध नगरको पहिचान कायम गर्न स्थानीय सरकार, निजी तथा सहकारी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज, टोल विकास संस्था तथा आम नागरिकलाई स्वस्फूर्त रुपमा परिचालन

हेटौंडा राजपत्र

गरी सरसफाइ कार्यक्रमलाई थप प्रभावकारी, संस्थागत एवं दिगो बनाई हेटौंडा उपमहानगरपालिकाले लिएको लक्ष्य सफा हेटौंडा, स्वस्थ हेटौंडा अभियानलाई प्रभावकारी तवरबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७), हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका सरसफाइ व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "कन्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो वा बाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तुलाई सम्झनुपर्छ ।

(छ) "निष्कासन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उपमहानगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनुपर्छ ।

(ज) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ । साथै यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरण ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र उपमहानगरपालिकाले

स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(झ) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट हटाई सङ्कलन गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ञ) "सङ्कलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा अन्य यस्तै प्रकारका फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न उपमहानगरपालिकाले तोकेको स्थान सम्झनुपर्छ ।

(ट) "सामाजिक अभियन्ता" भन्नाले समाज र मुलुकको विकास तथा सम्वृद्धिका लागि निःस्वार्थ र कुनै लाभको आशा नगरी स्वतस्फूर्त रुपमा सहभागी हुने नागरिकहरुको अनौपचारिक समूह वा व्यक्ति सम्झनुपर्छ।

(ठ) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था, नागरिक समाज सम्झनुपर्छ ।

(ड) "विसर्जन" भन्नाले फोहरमैला अन्तिम निष्कासन तथा व्यवस्थापन कार्य सम्झनुपर्छ ।

(ढ) "समिति" भन्नाले यस कार्यविधिको दफा १० को उपदफा (२) र दफा १० को उपदफा (३) बमोजिमको समिति सम्झनुपर्छ ।

## परिच्छेद-२

## उद्देश्य र सञ्चालनको रणनीति

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य नगर क्षेत्रभित्रका सार्वजनिक स्थल तथा महत्वपूर्ण सम्पदा र खुला क्षेत्रको सरसफाइलाई व्यवस्थित बनाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र सभ्य नगरको पहिचान कायम गर्न सहयोग गर्नु हो । साथै अन्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः

(क) नदी, खोला, खहरे, नहर, नाला, पोखरी, ताल तलैया सफा राख्ने,

(ख) सडक, चोक, पार्क, उद्यान, चौर, खुल्ला तथा सार्वजनिक क्षेत्रको सरसफाइको उचित प्रबन्ध गर्ने,

(ग) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरलाई सफा र सुग्घर राख्ने,

(घ) जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने,

(ङ) स्थानीय पर्यटन तथा पर्या-पर्यटन अभिवृद्धि मार्फत आर्थिक विकास गर्ने,



नेपाल राजपत्र

(च) सरसफाइ अभियानलाई आम नागरिकको जीवनको अभिन्न अङ्गको रुपमा विकास गर्दै नागरिक सहभागिता अभिवृद्धि गर्ने,

(छ) आफ्नो क्षेत्रभित्रको सरसफाइमा स्थानीय सरकारको नेतृत्वदायी भूमिका स्थापित गर्दै यस अभियानमा निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सामाजिक अभियन्ता तथा आम नागरिक समेतलाई परिचालन गर्ने,

(ज) सरसफाइ सम्बन्धमा विगतका प्रयासहरुलाई संस्थागत गर्दै यसलाई थप प्रभावकारी र दिगो बनाउने।

४. **सरसफाइको सञ्चालनको रणनीतिः** (१) आफ्नो नगर क्षेत्रभित्रका नदी, खोला, खहरे, नाला, नहर, पोखरी, ताल, तलैया, धार्मिक, सांस्कृतिक सम्पदा तथा सार्वजनिक स्थलको संरक्षण तथा सम्वर्द्धन कार्य सवैको साझा प्रयासबाट मात्र संभव हुने भएकोले सार्वजनिक-निजी-सहकारी-समुदायको साझेदारी कायम गर्ने ।

(२) सरसफाइ सम्बन्धमा आम सञ्चारका माध्यम एवं अन्य विधिद्वारा जनतामा सचेतना अभिवृद्धि गर्ने ।

(३) निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व अभिवृद्धि गरी सरसफाइ क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार गर्ने ।

(४) सरसफाइको क्षेत्रमा नागरिक समाज, सामाजिक संस्था र सामुदायिक संस्था, बहुसरोकारवाला निकाय/संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्यको विस्तार गर्ने ।

(५) सामाजिक अभियन्ताहरुको विकास र परिचालन गर्ने ।

## परिच्छेद-३

## सरसफाइ गरिने क्षेत्र तथा सञ्चालन विधि

५. **सरसफाइ गरिने क्षेत्रहरुः** यस सरसफाइ अभियान अन्तर्गत नगर क्षेत्रभित्र रहेका देहायका सार्वजनिक स्थल तथा सम्पदाहरुको सरसफाइ तथा संरक्षणका कार्यहरु गरिनेछः

(क) नदी, खोला, खहरे, नाला, नहर, ताल-तलैया, सार्वजनिक पोखरी, सार्वजनिक धारा-पँधेरा, इनार र पानीका स्रोत,

(ख) मठ, मन्दिर, चैत्य, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदा,

(ग) सांस्कृतिक केन्द्र, नाट्यशाला, लिपि तथा संग्राहलय जस्ता सांस्कृतिक सम्पदा,

(घ) पुरातात्विक, ऐतिहासिक महत्वका धरोहर तथा केन्द्र,

(ङ) वन्यजन्तु आरक्षण तथा अन्य प्राकृतिक सम्पदा वरिपरिको क्षेत्र,

(च) सडक, चोक, पार्क, उद्यान, चौर, सार्वजनिक शौचालय र खुल्ला क्षेत्र तथा अन्य सार्वजनिक क्षेत्र आदि ।

६. **<u>अभियान सञ्चालन गर्न सक्ने:</u>** उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र देहाय बमोजिमका अभियान तथा कार्यक्रम सम्बन्धमा निर्णय गरी कार्यान्वयन गर्न वा आदेश जारी गर्न सक्नेछः

(क) खुला दिसामुक्त क्षेत्र,

(ख) पूर्ण सरसफाइयुक्त नगर,

(ग) वातावरणमैत्री घर, टोल, वडा, नगर,

(घ) प्लाष्टिकमुक्त क्षेत्र (मापदण्ड वाहेकको),

(ङ) सार्वजनिक स्थलमा मद्यपान, धुम्रपान, गुट्खा, सुपारी लगायत विभिन्न नशाजन्य पदार्थको सेवन निषेध गर्ने अभियान,

(च) फोहोर गर्नेले नै सो को सफाई गर्ने (Polluters Should Pay),

(छ) विभिन्न उपभोग्य वस्तुहरुको उपभोग गरी विसर्जन गरिने प्याकेजिङजन्य फोहरहरु जथाभावी फ्याल्नमा रोक लगाउने,

(ज) स्रोतमा फोहरको वर्गीकरण गरी कुहिने र नकुहिने फोहरहरु छुट्टाछुट्टै कन्टेनरमा राखी विसर्जन गर्न अनिवार्य गर्ने,

(झ) सार्वजनिक सडक तथा पेटीमा निर्माण सामग्री थुपार्ने, सवारी साधन तथा मेसिनरी औजार मर्मत सम्भार गर्ने कार्य पूर्णतः निषेध गर्ने,

(ञ) होर्डिङ बोर्ड, ग्लोईङ बोर्ड लगायतका विज्ञापन सामग्रीहरु निर्धारित क्षेत्रमा सिमित गर्ने,

(ट) निश्चित तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा अस्पतालजन्य फोहर विसर्जन गर्न निषेध गर्ने,

(ठ) विषालु, संक्रामक, प्रज्वलनशील एवं स्वास्थ्य संस्था उद्योग तथा कलकारखानाबाट निष्कासन हुने फोहर, कीटनाशक औषधी, समय नाघिसकेको खाद्य पदार्थ लगायतका विशेष र जोखिमयुक्त फोहरमैलाहरुलाई साधारण फोहरमैलासँग मिसाई निष्कासन गर्न गराउन नपाइने,

(ड) जोखिमयुक्त फोहर निष्कासन, सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, बिसर्जन र ओसार पसार गर्ने व्यक्ति, निकाय र निकासीकर्ताले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी आफ्नै खर्चमा वातावरणमैत्री तरिकाले जोखिमयुक्त फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने,

नेपाल राजपत्र

(ढ) अन्य आवश्यक सार्वजनिक महत्वका घोषणाहरु (Public Service Announcement) ।

७. **<u>सरसफाइ सञ्चालनको विधिः</u>** (१) नगर क्षेत्रभित्रका सरकारी, गैरसरकारी र निजीक्षेत्रका कार्यालय, शैक्षिक संस्था, संघ-संस्था र निकायले प्रत्येक महिनाको एक दिन अनुकूलता हेरी (जस्तै पहिलो शुक्रबार दिउँसो २-३ बजेसम्म) आ-आफ्नो कम्पाउण्ड परिसर सरसफाइ गरी सरसफाइ अभियानलाई व्यापक बनाउने ।

(२) नगर क्षेत्रभित्रका सबै शैक्षिक संस्थाहरुमा प्रत्येक महिनाको दोस्रो र चौथो शुक्रबार २-३ बजे वा शैक्षिक संस्था बन्द हुनुभन्दा १ घण्टा अगाडिको समयदेखि वा अन्य उपयुक्त समयमा शैक्षिक संस्था वरपरका आफ्नो पायक पर्ने नदी, खोला, नहर, उद्यान, पोखरी, पार्क, ताल-तलैया, खानेपानीको मुहान, धार्मिक स्थल, सडक, टोल तथा सार्वजनिक स्थलको सरसफाइ कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न अतिरिक्त/सहक्रियाकलापहरु जस्तै चित्रकला, वक्तृत्वकला, हाजिरीजवाफ, पदयात्रा, वृक्षारोपणको माध्यमबाट वातावरणीय संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गर्ने ।

(३) नगर क्षेत्रभित्रका सबै सरकारी, निजी भवन तथा कार्यालय, संघ संस्था, निकाय र परिवारले आ-आफ्नो कार्यालय भवन, घर, कम्पाउण्ड र परिसरमा बोट बिरुवा, फूल तथा गमला सहितको बगैंचा निर्माण गरी नियमित रुपमा गोडमेल तथा रेखदेख गर्ने प्रबन्ध मिलाउने ।

(४) नगर क्षेत्रभित्रका सबै कार्यालय, संघ संस्था र निकायले आ-आफ्नो कार्यालय भवन, कोठा, प्यासेज, वरण्डा, छत, कम्पाउण्ड, पर्खाल लगायत आफ्नो परिसरमा फोहरमैला, धुलो, टुटेफुटेका वा बिग्रेका सामान, कागजको टुक्रा, चुरोट, खैनी, जर्दा, सूर्तीजन्य पदार्थको प्रयोग, भित्तेलेखन, पोष्टर पम्पलेट टाँस्ने लगायतका कार्यलाई निषेध गरी **"स्वच्छ, स्वस्थ, सफा र हराभरा क्षेत्र"** घोषणा गरी नियमित सरसफाइ गर्ने ।

(५) नगर क्षेत्रभित्रका सबै कार्यालय, संघ संस्था र निकायले मापदण्ड विपरितका प्लाष्टिकका झोला, सिसा वा वातावरणमा प्रतिकूल असर पार्ने सामग्रीको प्रयोगलाई नियन्त्रण गरी स्थानीय स्रोतमा आधारित जैविक तथा वातावरणमैत्री विकल्पलाई प्रवर्द्धन गर्ने ।

(६) सबै सरकारी निकाय तथा संगठित संस्थाले आफ्नो स्थापना दिवस, वार्षिकोत्सव वा यस्तै प्रकृतिका अन्य कार्यक्रम आयोजना गर्दा आफ्नो पायक पर्ने नदी, खोला, नहर, उद्यान, पार्क, पोखरी, ताल-तलैया, खानेपानीको मुहान, धार्मिक स्थल, सडक, टोल तथा सार्वजनिक स्थलको सरसफाइ, वृक्षारोपण, हरियाली प्रवर्द्धन, सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम राखी वातावरण संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गर्ने ।

(७) उपमहानगरपालिकाले प्रत्येक हप्ताको शनिबार बिहान स्थानीय बासिन्दा, समुदाय, टोल विकास संस्था, गैर सरकारी संस्था, सामुदायिक एवं व्यवसायिक संगठन तथा नागरिक समाजको नेतृत्वमा

आफ्नो क्षेत्रको पायक पर्ने खानेपानीको मुहान, सार्वजनिक कुवा तथा धारा, ताल-तलैया, पोखरी, नदी, खोला, धार्मिक एवं पर्यटकीय स्थल, सम्पदा क्षेत्र, सडक, पार्क, उद्यान, खुला क्षेत्र आदिको सरसफाइ गर्ने व्यवस्था मिलाउने ।

(८) दुई वा दुई भन्दा बढी स्थानीय तहहरुले संयुक्त रुपमा सरसफाइ अभियान सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहका प्रमुखहरुले यस कार्यको संयोजन गरी सरसफाइ गरिने वडाका पदाधिकारीहरुलाई संलग्न गराई कार्ययोजना बनाई सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(९) आफ्नो घर अगाडि र वरिपरि सरसफाइ गर्ने दायित्व सम्बन्धित घरधनीको समेत हुनेछ । आफ्नो घर वरिपरि सरसफाइ नगर्ने वा बारम्बार फोहर गरिरहने संस्था वा व्यक्तिलाई समितिले यस विषयमा ध्यानाकर्षण गराउन सक्नेछ । यसरी ध्यानाकर्षण गराउँदा समेत अटेर गरेमा समितिले त्यस्ता घरधनी व्यक्ति वा संस्थाहरुको नामावली कालो/अटेर सूचीमा राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

(१०) उपमहानगरपालिकाको सरसफाइलाई बृहत् अभियान (Mega Event) को रुपमा सञ्चालन गर्न नविनतम् एवं आधुनिक प्रविधि र सोच सहितको प्रस्ताव सहकारी, निजी संस्था वा व्यक्तिहरुबाट आह्वान गर्न सक्नेछ । प्राप्त प्रस्तावहरु मध्ये प्रभावकारी प्रस्तावलाई छनौट गरी प्रस्ताव पेश गर्ने सहकारी, निजी संस्था वा व्यक्तिहरुबाट सरसफाइ अभियानलाई व्यवस्थित गर्ने व्यवस्था मिलाउने ।

(११) सार्वजनिक मन्दिर, पाटी, पौवा, नदी, नहर, नाला जस्ता स्थल सफा गर्न क्षेत्र निर्धारण गरी सो स्थल वरिपरि बस्ने वा यस्ता स्थलसँग सम्बन्धित व्यक्तिलाई प्रोत्साहन रकम (Token Money) दिएर सरसफाइ गर्न लगाउने व्यवस्था मिलाउने ।

(१२) सार्वजनिक मन्दिर, पाटी, पौवा, नदी, नहर, नाला जस्ता सार्वजनिक स्थलहरुको सरसफाइ व्यवस्थापन गर्न गठित भएका समितिलाई सरसफाइ कार्यमा विशेष ध्यान पुऱ्याउन पत्राचार गर्ने।

(१३) नगर क्षेत्रभित्रका सार्वजनिक मन्दिर, पाटी, पौवा, नदी, नाला जस्ता स्थलहरु सबै भन्दा बढी सफा गर्ने जिम्मेवार व्यक्ति, संस्था वा व्यवस्थापन समितिलाई यस कार्यविधि बमोजिम गठित समितिहरुको सिफारिसमा उपमहानगरपालिकाले प्रशंसा पत्र वा कदर पत्र प्रदान गरी सरसफाइ कार्यलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने ।

(१४) मुख्य वजार क्षेत्रका वजारहरुमा फोहरको श्रोतमै वर्गीकरणलाई अनिवार्य गराउन वडालाई विभिन्न क्लष्टरमा विभाजन गरी सो क्षेत्रमा जनचेतना जगाउन र फोहर वर्गीकरण भए नभएको नियमित रुपमा अनुगमन गरी वर्गीकृत फोहर मात्र संकलन गराउने कामका लागि आवश्यकता अनुसार

वडा तथा टोल तहमा सम्बन्धित टोल विकास संस्थासँग समन्वय गरी स्थानीय सहजकर्तालाई प्रोत्साहन रकम (Token Money) दिएर परिचालनको व्यवस्था मिलाउने ।

(१५) सेफ्टी ट्याङ्की, पानी निकास तथा फोहरको पृथकीकरण सम्बन्धी व्यवस्थाः

(क) सेफ्टी ट्याङ्की अनिवार्य हुनुपर्नेः नगर क्षेत्रभित्रका सबै प्रकारका भवनहरुमा सेफ्टी ट्याङ्की अनिवार्य हुनुपर्नेछ । सेफ्टी ट्याङ्कीमा प्रत्येक घर घरबाट उत्सर्जन हुने दिसा, पिसावयुक्त फोहर जम्मा हुने अनिवार्य व्यवस्था गर्नु पर्नेछ । नयाँ भवन बनाउँदा, तला थप गर्दा, निर्माण सम्पन्नताको प्रमाणपत्र लिँदा वा अन्य सेवा प्राप्त गर्न सेफ्टी ट्याङ्की निर्माण तथा प्रयोग भैरहेको छ भन्ने सुनिश्चितता हुने व्यवस्था गर्ने ।

(ख) पानीको शुद्धिकरण गरेर मात्र निकास गर्नुपर्नेः शौचालय बाहेक अन्य घरायसी प्रयोगहरु- लुगा धुने, खाद्य सामग्री सफा गर्ने, भान्छा तथा अन्य कोठाहरु सफा गर्ने समेतका कार्यहरुबाट निष्कासित हुने पानीलाई आफ्नो घर कम्पाउण्ड भित्र मंगाल बनाई शुद्धिकरण गरेर मात्र सार्वजनिक निकासमा समाहित गर्ने व्यवस्था मिलाउने ।

(ग) फोहरको पृथकीकरण गर्नुपर्नेः नगर क्षेत्रभित्र उत्पादन हुने फोहरलाई जैविक र अजैविक गरी कम्तीमा २ वर्गमा पृथकीकरण गर्नु प्रत्येक फोहरको उत्पादकको कर्तव्य हुनेछ । फोहरको प्रकृतिका आधारमा सो भन्दा बढी वा विशिष्टीकृत ढंगले पृथकीकरण गर्न आवश्यक देखिएमा सो को विधि र प्रक्रिया तोकी पृथकीकरण गर्न समितिको परामर्श समेतको आधारमा उपमहानगरपालिकाले निर्देशन दिन व्यवस्था मिलाउने ।

(१६) घरको छतको पाईपबाट घर अगाडि रहेको सडकमा पानी खसाली बाटो फोहर पार्ने कार्यलाई दुरुत्साहन गर्न यस्तो पानी भंगालमा खसाउने प्रबन्ध मिलाउने ।

(१७) जैविक फोहरलाई मलको रुपमा उर्जामा रुपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न यस सम्बन्धी ठोस नीति तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउने । जैविक फोहरलाई उर्जामा रुपान्तरण गर्ने नवीनतम् सोचलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

(१८) आकाशबाट खसेको पानीलाई सङ्कलन गरी प्रयोग गर्ने, जैविक फोहरलाई मल बनाई भवनको छत, वरण्डा, भुई वा भवन परिसरको उपयुक्त स्थानमा गमला वा कुनै भाँडोमा तरकारी खेती,

फलफूल खेती वा हरियाली क्षेत्र बनाउने कौशी खेती लगायतका प्रविधिहरुलाई प्राथमिकता दिने व्यवस्था मिलाउने ।

## परिच्छेद-४

## सरोकारवाला निकाय र भूमिका

८. **सरोकारवाला निकायहरुः** सरसफाइ एक बृहत् अभियान भएको हुँदा यसमा स्थानीय सरकारदेखि आम नागरिकको सक्रिय सहभागिता, क्रियाशिलता र निरन्तरता आवश्यक देखिन्छ । विगतको अनुभव र स्थानीय वस्तुस्थितिलाई मध्येनजर गर्दा आफ्नो नगर क्षेत्रभित्रको सरसफाइ अभियानमा उपमहानगरपालिकाले समग्र नेतृत्व लिई यस कार्यमा सबै सरकारी कार्यालयहरु, सुरक्षा निकाय, शैक्षिक संस्था, गैर सरकारी संस्था, टोल विकास संस्था एवं आमा समूह जस्ता सामुदायिक संस्था, सहकारी संस्था, व्यवसायिक संस्था, आम सञ्चार, नागरिक अगुवा, सामाजिक अभियन्ता, जागरुक नागरिक आदि जस्ता सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्नु पर्दछ ।

९. **सरसफाइमा संलग्न हुने निकायहरुको प्रमुख भूमिकाः** (१) सरसफाइ कार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा पक्षहरुको तुलनात्मक प्रतिस्पर्धा एवं विशिष्टतालाई मध्यनजर गर्दै सरसफाइका कार्यक्रम सबै पक्षहरुको सहकार्य र समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

(२) सरसफाइ अभियानमा संलग्न हुने निकायहरुको प्रमुख जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) उपमहानगरपालिकाः सरसफाइ अभियानको समग्र नेतृत्व तथा संयोजन, सरसफाइ सम्बन्धी नीति तर्जुमा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रमा लगानी, सार्वजनिक सम्पत्ति तथा स्थलहरुको संरक्षण, फोहरमैला व्यवस्थापन, खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाइयुक्त नगरको घोषणा र दिगोपना, सडक छेउमा हरियाली प्रवर्द्धन, एक वडा/टोल एक सार्वजनिक उद्यानको विकास, सरसफाइ सम्बन्धी सचेतना अभिवृद्धि आदि ।

(ख) अन्य सरकारी कार्यालयहरुः स्वास्थ्य, खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम सञ्चालन, कार्यालय परिसर सरसफाइ, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण र समुदाय परिचालन आदि ।

(ग) सुरक्षा निकायः कार्यालय परिसर सरसफाइ, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाइ सम्बन्धमा समुदायसँग समन्वय आदि ।

(घ) निजी व्यवसायिक संघसंस्थाः कार्यालय परिसर सरसफाइ, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सरसफाइ क्षेत्रमा लगानी, सरसफाइ अभियानमा सहकार्य ।

(ङ) सहकारी संघसंस्थाः कार्यालय परिसर सरसफाइ, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सरसफाइ क्षेत्रमा लगानी, सरसफाइ अभियानमा सहकार्य।

(च) गैर सरकारी संघ संस्थाः समुदाय परिचालन, सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन, सरसफाइको क्षेत्रमा लगानी, कार्यालय परिसर सरसफाइ, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाइ अभियानमा सहकार्य आदि ।

(छ) सामुदायिक संस्थाः सामुदायिक परिचालन, सचेतना अभिवृद्धि, सञ्जाल विस्तार, सरसफाइ अभियानमा सहकार्य आदि ।

(ज) नागरिक समाजः सामाजिक परिचालन, सचेतना अभिवृद्धि, ऐक्यवद्धता विकास, निगरानी, सरसफाइ अभियानमा सहकार्य आदि ।

(झ) सञ्चार माध्यमः सूचना सम्प्रेषण, सचेतना अभिवृद्धि, निगरानी, सरसफाइ अभियानमा सहकार्य आदि।

(ञ) शैक्षिक संस्थाः सचेतना अभिवृद्धि, समाजमा सरसफाइ संस्कारको विकास, शैक्षिक संस्था परिसर सरसफाइ, बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाइ अभियानमा सहकार्य आदि ।

(ट) टोल विकास संस्थाः सामुदायिक परिचालन, टोल टोलमा सरसफाइ संस्कारको विकास र पालना, सरसफाइ अभियानमा स्वस्फूर्त परिचालन र ऐक्यवद्धता, सचेतना अभिवृद्धि, निगरानी आदि ।

(ट) सचेत नागरिकः सरसफाइ संस्कारको विकास र पालना, सरसफाइ अभियानमा स्वस्फूर्त परिचालन र ऐक्यवद्धता, आफ्नो घरको हरियाली तथा सौन्दर्यकरण, घर भित्रबाट निस्कने फोहरको वर्गीकरण तथा कुहिने फोहरको स्रोतमा न्यूनीकरण आदि ।

## परिच्छेद-५

## <u>सरसफाइ अभियान समितिको गठन एवं काम, कर्तव्य र अधिकार</u>

**१०. <u>संस्थागत प्रबन्ध एवं काम, कर्तव्य र अधिकारः</u>** (१) नगर क्षेत्रभित्र सरसफाइ कार्यक्रममा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरी सरसफाइ अभियानलाई दिगो र संस्थागत गर्नका लागि नगर स्तरमा एवं वडा स्तरमा सरसफाइ समिति गठन गरिनेछ ।

(२) नगर स्तरीय सरसफाइ अभियान समितिको गठन र काम, कर्तव्य एवं अधिकार देहाय बमोजिम हुनेछः



हेटौंडा राजपत्र

**(अ) समितिको गठनः**

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सहसंयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) स्थानीय तहमा रहेको सुरक्षा निकायको प्रमुख | सदस्य |
| (च) उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| (छ) पत्राकार महासंघको अध्यक्ष | सदस्य |
| (ज) रेडक्रस सोसाइटीको प्रमुख | सदस्य |
| (झ) टोल विकास संस्था नगर समन्वय समितिको अध्यक्ष | सदस्य |
| (ञ) नगर प्रमुखले मनोनित गरेको उपमहानगरपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति/प्रधानाध्यापक १ जना | सदस्य |
| (ट) नगर प्रमुखले मनोनित गरेको सरसफाइ क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रमुख १ जना | सदस्य |
| (ठ) सरसफाइको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने समितिले तोकेको महिला सहित कुनै २ जना सामाजिक अभियन्ता | सदस्य |
| (ड) सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| (ढ) आर्थिक प्रशासन महाशाखा/शाखा प्रमुख | सदस्य |
| (ण) महिला स्वास्थ्य स्वयं सेविकाहरुको नगर अध्यक्ष | सदस्य |
| (त) वातावरण इन्जिनियर | सदस्य-सचिव |

समितिले आवश्यक ठहऱ्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**(आ) समितिको काम, कर्तव्य र अधिकारः**

(१) नगर स्तरीय सरसफाइ नीति तर्जुमा गर्ने,

(२) सरसफाइ कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्र पहिचान तथा सो सम्बन्धी योजना तर्जुमा गर्ने,

(३) सरसफाइका अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(४) विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने सरसफाइ कार्यक्रममा समन्वय गर्ने,

(५) वडा स्तरीय सरसफाइ समितिको कार्यमा आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने,

(६) नगर स्तरीय सरसफाइको कार्यक्रम र समग्र स्थितिको अनुगमन गरी वार्षिक प्रतिवेदन नगर सभामा पेश गर्ने आदि ।

(३) वडा स्तरीय सरसफाइ अभियान समितिको गठन र काम, कर्तव्य एवं अधिकार निम्नानुसार हुनेछः

**(अ) समितिको गठनः**

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरु | सदस्य |
| (ग) वडामा रहेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/प्रधानाध्यापक वडा अध्यक्षले तोकेको १ जना | सदस्य |
| (घ) वडामा रहेको सुरक्षा निकायको प्रमुख | सदस्य |
| (ङ) सञ्चारकर्मी मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना | सदस्य |
| (च) वडा अध्यक्षले मनोनित गरेको सरसफाइ क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि १ जना | सदस्य |
| (छ) सरसफाइको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने समितिले तोकेको महिला सहित कुनै २ जना सामाजिक अभियन्ता | सदस्य |
| (ज) टोल विकास संस्था वडा समन्वय समितिको अध्यक्ष | सदस्य |
| (झ) वडा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरु मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना | सदस्य |
| (ञ) स्वस्थ्य ईकाई प्रमुख | सदस्य |
| (ट) वडा सचिव | सदस्य सचिव |

नेपाल राजपत्र

समितिले आवश्यक ठहऱ्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**(आ) समितिको प्रमुख काम, कर्तव्य र अधिकारः**

(१) वडा स्तरीय सरसफाइ नीति र योजना तर्जुमा गर्ने,

(२) सरसफाइ अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(३) विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने सरसफाइ कार्यक्रममा समन्वय गर्ने,

(४) वडा स्तरीय सरसफाइको कार्यक्रमको अनुगमन गरी वडामा सो सम्बन्धमा छलफल गर्ने आदि ।

## परिच्छेद-६

## स्रोत परिचालन र खर्च

**११. स्रोत परिचालनः** (१) उपमहानगरपालिकाले आफूलाई प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँट तथा आफ्नो आन्तरिक आयबाट सरसफाइको क्षेत्रमा प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्नुपर्नेछ ।

(२) उपमहानगरपालिकाले आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरी एकीकृत रुपमा स्रोत परिचालन गर्न सरसफाइको लागि छुट्टै कोष सिर्जना गरी स्रोत परिचालन गर्न सक्नेछ ।

(३) नगर क्षेत्रभित्रमा गरिने सरसफाइका कार्यक्रमलाई मितव्ययी, प्रभावकारी एवं एकीकृत ढंगमा सञ्चालन गर्नका लागि यस क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुको कार्यक्रम उपमहानगरपालिकाको वार्षिक योजना प्रणालीमा समावेश गरिनेछ । यस्ता एकीकृत कार्यक्रमहरुको नेतृत्व उपमहानगरपालिकाले गर्नेछ । यस प्रयोजनका लागि उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सरसफाइ सम्बन्धी काम गर्ने निजी व्यवसायिक संस्था, सहकारी सबै संस्थाहरु र तिनीहरुको क्रियाकलापको अभिलेख राख्नु पर्नेछ ।

**१२. खर्चः** (१) उपमहानगरपालिकाले सरसफाइ कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्दा प्रचलित नियमानुसार गर्ने, खर्चको लेखाङ्कन राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) यस क्षेत्रमा खर्च गर्दा खर्चमा दोहोरोपना नपर्ने गरी अन्य निकायहरुसँग समेत समन्वय गरी प्राप्त स्रोतको मितव्ययी रुपमा परिचालन गर्ने ।

(३) उपमहानगरपालिकाले सरसफाइको क्षेत्रमा भएको लगानी/खर्चको उपलब्धि नियमित रुपमा प्रतिवेदन तयार गरी नगर कार्यपालिका मार्फत नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७

## कसुर उपर दण्ड सजाय

१३. **कसुर उपर दण्ड सजायः** यस कार्यविधिमा उल्लेखित विषय विपरित कार्य गरेमा वा अन्य प्रचलित कानूनमा लेखिएका सरसफाइ सम्बन्धी प्रावधान विपरित कार्य गरेमा प्रचलित कानून वा स्थानीय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

## परिच्छेद-८

## विविध

१४. **कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

१५. **बाधा अड्चन फुकाउः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

१६. **कार्यविधि संशोधनः** यस कार्यविधिका प्रावधानहरुमा प्रचलित कानूनहरुसँग नबाझिने गरी नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र